राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ७३ २०८३ असोज १५ गते बिहिवार (01 Oct. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## गम्भीर अपराधबाहेक जेनजी थुनुवालाई रिहा गर्न सिफारिस

दैनिक समाचारदाता

काठमाडौं १४ असोज । प्रतिनिधि सभाको कानुन, न्याय तथा मानव अधिकार समितिअन्तर्गतको उपसमितिले कारागार तथा हिरासतको अवस्था अध्ययन गरी नीतिगत तथा कानुनी सुझावसहितको प्रतिवेदन समितिलाई बुझाएको छ।

बुधबार बुझाइएको प्रतिवेदनमा २०८२ भदौमा भएको जेनजी आन्दोलनका क्रममा पुर्पक्षका लागि थुनामा रहेका व्यक्तिमध्ये गम्भीर अपराधमा संलग्न बाहेक अन्यको मुद्दा फिर्ता लिएर थुनामुक्त गर्न सिफारिस गरिएको छ।

उपसमितिले कारागार तथा हिरासतको अवस्थासम्बन्धी अध्ययनका आधारमा विभिन्न नीतिगत र कानुनी सुधारका लागि समेत सुझाव दिएको छ। जेनजी आन्दोलनका क्रममा पक्राउ परेका तथा पुर्पक्षका लागि थुनामा रहेका व्यक्तिका हकमा गम्भीर अपराधमा संलग्नलाई बाहेक गरी अन्यको मुद्दा फिर्ता लिने र थुनामुक्त गर्ने व्यवस्था गर्न उपसमितिले सिफारिस गरेको हो।

उपसमितिको सिफारिसमाथि समितिमा छलफल हुने र त्यसपछि सरकारलाई आवश्यक निर्देशन दिने वा नदिने सम्बन्धमा समितिले निर्णय गर्नेछ।

## देउवा समूहले आयोगलाई बुझायो महाधिवेशन कार्यतालिका

दैनिक समाचारदाता

काठमाडौँ १४ असोज । नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा समूहले पार्टीको १५औं महाधिवेशनका लागि तय गरेको छुट्टै कार्यतालिका निर्वाचन आयोगलाई जानकारी गराएको छ।

देउवाको हस्ताक्षर रहेको पत्र मंगलबार निर्वाचन आयोगमा दर्ता भएको नेता एनपी साउदले जानकारी दिएका छन्। पत्रमा असोज १५ गतेदेखि वडा अधिवेशन सुरु गरी मंसिर २१ देखि २३ गतेसम्म काठमाडौँमा केन्द्रीय महाधिवेशन गर्ने कार्यतालिका उल्लेख गरिएको छ।देउवा समूहले असोज १५ गते वडा अधिवेशन, असोज २० गते गाउँ तथा नगरपालिका अधिवेशन, असोज २३ गते प्रदेशसभा तथा प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन, कात्तिक १५ गते जिल्ला अधिवेशन र मंसिर ४ गते प्रदेश अधिवेशन गर्ने कार्यतालिका बनाएको छ।



त्यसपछि मंसिर २१ देखि २३ गतेसम्म काठमाडौँमा केन्द्रीय महाधिवेशन गर्ने समूहको तयारी छ। देउवा समूहले यसअघि नै समानान्तर रूपमा महाधिवेशन प्रक्रिया अघि बढाउने निर्णय सार्वजनिक गरिसकेको छ।

नेपाली कांग्रेसमा १५औँ महाधिवेशनलाई लिएर दुई समूहले फरक-फरक प्रक्रिया अघि बढाएका छन्। सभापति गगन थापा नेतृत्वको संस्थापन पक्षले असोज १६ देखि १९ गतेसम्म केन्द्रीय महाधिवेशन गर्ने कार्यतालिका अघि बढाएको छ। कांग्रेसको आधिकारिकतासम्बन्धी विवादका कारण देउवा समूह उक्त प्रक्रियामा सहभागी नभई छुट्टै महाधिवेशनको तयारीमा जुटेको हो। देउवा समूहले आफू १४औँ महाधिवेशनबाट निर्वाचित कार्यसमितिलाई आधिकारिक मान्दै आएको बताउँदै आएको छ। दुई पक्षबीच फरक-फरक महाधिवेशन प्रक्रिया अघि बढेपछि कांग्रेसको आधिकारिकता, प्रतिनिधि चयन र आगामी नेतृत्वसम्बन्धी विषय थप विवादित बनेको छ।

# भिठामोड नाकामा भारतीय पर्यटकलाई स्वागत तथा बिदाइ

### बाढीपछि घटेको पर्यटक आगमन बढाउन सकारात्मक सन्देश प्रवाह गर्ने उद्देश्य

दैनिक समाचारदाता

महोत्तरी, १४ असोज । विश्व पर्यटन दिवसको अवसरमा होटल तथा पर्यटन व्यवसायी संघ जलेश्वर, महोत्तरीले आयोजना गरेको सप्ताहव्यापी कार्यक्रमअन्तर्गत बुधबार मुख्य सीमा नाका भिठामोडमा भारतीय पर्यटकलाई स्वागत तथा बिदाइ गरिएको छ।

बुधबार बिहानै भिठामोड नाकामा पुगेका महोत्तरीका होटल तथा पर्यटन व्यवसायीले जलेश्वर नगरपालिका-३ स्थित नाकाबाट नेपाल प्रवेश गर्ने भारतीय पर्यटकलाई खादा तथा अबिर लगाएर स्वागत गरेका थिए। नेपाल भ्रमण सकेर भारत फर्किने पर्यटकलाई पनि खादा तथा अबिर लगाएर बिदाइ गरिएको थियो।

होटल तथा पर्यटन व्यवसायी संघ जलेश्वरका अध्यक्ष सरोज चौधरीले विश्व पर्यटन दिवसको अवसरमा सप्ताहव्यापी कार्यक्रमअन्तर्गत पर्यटक स्वागत तथा बिदाइ कार्यक्रम आयोजना गरिएको बताउनुभयो। उहाँले कार्यक्रमले नेपाल भ्रमणमा आउने पर्यटकलाई सकारात्मक सन्देश



प्रवाह गर्ने विश्वास व्यक्त गर्नुभयो। भदौ १० गते रसुवाको भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीपछि नेपाल आउने पर्यटकको सङ्ख्यामा कमी आएको बताउँदै अध्यक्ष चौधरीले पर्यटकमा रहेको त्रास हटाउन र नेपालको पर्यटन सुरक्षित रहेको सन्देश दिन कार्यक्रम गरिएको बताउनुभयो। "नेपालमा मात्रै नभई महोत्तरी र जनकपुरमा पनि पर्यटनको राम्रो सम्भावना रहेको देखाउन यो कार्यक्रम आयोजना गरिएको हो," उहाँले भन्नुभयो।

होटल तथा पर्यटन व्यवसायी संघ मधेश प्रदेशका महासचिव दीपेन्द्र पराजुलीले भारतीय पर्यटक धार्मिक पर्यटनका लागि बढी आउने गरेको बताउँदै उनीहरूलाई मुख्य सीमा नाकामै स्वागत गरिएको जानकारी दिनुभयो।

उहाँका अनुसार सप्ताहव्यापी कार्यक्रमअन्तर्गत बुधबार जलेश्वरमा पर्यटनसम्बन्धी अन्तरक्रिया कार्यक्रमसमेत आयोजना गरिएको थियो। मधेश प्रदेशमा पर्यटनको प्रशस्त सम्भावना रहेकाले त्यसको प्रचारप्रसार र पर्यटकमैत्री वातावरण निर्माणका लागि यस्ता कार्यक्रम आवश्यक रहेको उहाँले बताउनुभयो।

भिठामोड नाकाबाट भारतको छत्तिसगढ, राजस्थानको अजमेरलगायत स्थानबाट जनकपुर र काठमाडौंको पशुपतिनाथ दर्शनका लागि आएका पर्यटकले नेपाल प्रवेशविन्दुमै स्वागत पाएपछि खुसी व्यक्त गरेका थिए।

राजस्थानको अजमेरबाट आउनुभएकी स्नेहलता चौधरीले जनकपुरस्थित जानकी मन्दिर र काठमाडौंको पशुपतिनाथको दर्शन गर्न नेपाल आएको बताउनुभयो। पहिलोपटक नेपाल आएको बताउँदै उहाँले सीमा नाकामै मिठाई खुवाएर स्वागत गरिएकामा खुसी व्यक्त गर्दै नेपालीप्रति आभार व्यक्त गर्नुभयो। "हामी नेपालमा आएको बाढीका कारण डराउँदै-डराउँदै आएका थियौँ। तर प्रवेशविन्दुमै यसरी स्वागत पाएपछि हाम्रो गन्तव्य सहज हुने विश्वास बढेको छ," उहाँले भन्नुभयो। पर्यटक स्वागत तथा बिदाइ कार्यक्रममा जलेश्वर नगरपालिकाका नगरप्रमुख सुरेश साह सोनार, सहायक प्रमुख जिल्ला अधिकारी सञ्जयकुमार पोखरेल, सुरक्षा निकायका प्रमुख, होटल तथा पर्यटन व्यवसायी संघका पदाधिकारी तथा स्थानीयवासीको उपस्थिति थियो।

# सरकारी सञ्चारमाध्यम सुधारका लागि सांसदसँग सुझाव माग

### मिथ्या सूचना नियन्त्रणका लागि कानुनी व्यवस्था गरिँदै, प्रेस काउन्सिल र आमसञ्चार विधेयक छिट्टै संसद्मा ल्याउने तयारी

दैनिक समाचारदाता

काठमाडौँ १४ असोज । सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले सरकारी सञ्चारमाध्यमलाई कमजोर अवस्थामा पुऱ्याइएको बताउँदै यसको सुधार र पुनःव्यवस्थापनका लागि सांसदहरूसँग आवश्यक सुझाव दिन आग्रह गर्नुभएको छ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा धारणा राख्दै मन्त्री तिमिल्सिनाले सरकारी सञ्चारमाध्यमका केही आर्थिक वर्षको लेखापरीक्षणसमेत हुन नसकेको उल्लेख गर्नुभयो। सरकारी सञ्चारमाध्यमलाई



प्रभावकारी र जीवन्त बनाउन आफूले आवश्यक पहल गरिरहेको उहाँले बताउनुभयो।

मन्त्री तिमिल्सिनाले आमसञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा मिथ्या, भ्रामक र प्रमाणविहीन सूचना तथा समाचार प्रकाशन-प्रसारण हुने क्रम बढेकाले त्यसलाई नियन्त्रण गर्न कानुनी व्यवस्था गर्न लागिएको जानकारी दिनुभयो। यस्ता सामग्री प्रकाशन तथा प्रसारण गर्ने सञ्चारमाध्यमलाई कानुनी दायरामा ल्याउने गरी विधेयक ल्याउने तयारी भइरहेको उहाँले बताउनुभयो।

उहाँले पत्रकारितालाई नियन्त्रण गर्ने नभई नियमन गर्दै थप जिम्मेवार र उत्तरदायी बनाउने सरकारको नीति रहेको स्पष्ट पार्नुभयो। प्रेस काउन्सिलसम्बन्धी विधेयक छिट्टै संसद्मा प्रस्तुत गर्ने

बाँकी पृष्ठ ४मा

अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# स्वदेशी उत्पादनको प्रवर्द्धन

मधेश प्रदेश सभाका सभामुख रामअशिष यादवले स्वदेशी उत्पादनको प्रयोग बढाउँदै विदेशी खाद्य वस्तुमाथिको निर्भरता घटाउन गरेको आग्रहलाई केवल उपभोगको विषयका रूपमा बुझिनु हुँदैन। यो मुलुकको उत्पादन प्रणाली, रोजगारी, व्यवसाय र अर्थतन्त्रसँग प्रत्यक्ष जोडिएको विषय हो। स्वदेशी उत्पादनको प्रयोग बढ्नु भनेको स्थानीय किसान, उद्योगी र व्यवसायीलाई बजार विस्तारको अवसर प्राप्त हुनु पनि हो।

नेपालको अर्थतन्त्र लामो समयदेखि आयातमा निर्भर रहँदै आएको छ। खाद्यान्नदेखि दैनिक उपभोग्य वस्तुसम्म ठूलो परिमाणमा विदेशबाट आयात गर्नुपर्ने अवस्थाले व्यापार घाटा बढाउनुका साथै स्वदेशी उत्पादनलाई प्रतिस्पर्धामा कमजोर बनाउँदै आएको छ। यस्तो अवस्थामा स्वदेशी उत्पादनको प्रवर्द्धन आवश्यक भए पनि त्यसका लागि उपभोक्तालाई केवल देशभक्तिको नाममा स्वदेशी वस्तु प्रयोग गर्न आग्रह गर्नु पर्याप्त हुँदैन। स्वदेशी वस्तु गुणस्तरीय, सुरक्षित, प्रतिस्पर्धी मूल्यका र सहज रूपमा उपलब्ध हुने वातावरण बनाउनुपर्छ।

यसका लागि सरकारको भूमिका महत्वपूर्ण हुन्छ। किसान र उद्योगीलाई उत्पादनका लागि आवश्यक पूर्वाधार, प्रविधि, लगानी तथा बजारको सुनिश्चितता दिनुपर्छ। उत्पादन लागत घटाउन नसक्ने, बजार नपाउने र आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्ने अवस्थाबीच स्वदेशी उत्पादनको प्रयोग बढाउने अभियान प्रभावकारी हुन सक्दैन।

त्यसैगरी, व्यवसायीमाथि गरिने अनुगमन पनि व्यवस्थित र उद्देश्यपूर्ण हुन आवश्यक छ। अनुगमनको मुख्य उद्देश्य उपभोक्ताको स्वास्थ्य र अधिकारको संरक्षण तथा बजारमा स्वच्छ प्रतिस्पर्धा कायम गर्नु हो। म्याद गुज्रिएका वा मिसावटयुक्त खाद्य वस्तु बिक्री गर्ने तथा उपभोक्ताको स्वास्थ्यमा गम्भीर असर पार्ने व्यवसायीमाथि कडा कारबाही हुनुपर्छ। तर कानुन पालना गरिरहेका व्यवसायीलाई अनावश्यक दुःख दिने वा निरुत्साहित गर्ने प्रवृत्ति पनि अन्त्य हुनुपर्छ।

व्यवसाय र मानव अधिकारबीचको सम्बन्धलाई पनि यही सन्दर्भमा हेर्न आवश्यक छ। व्यवसायीको अधिकार संरक्षणसँगै उपभोक्ताको अधिकार र स्वास्थ्य सुरक्षा उत्तिकै महत्वपूर्ण छन्। राज्यले दुवै पक्षबीच सन्तुलन कायम गर्ने नीति र प्रभावकारी नियमनको व्यवस्था गर्नुपर्छ।

स्वदेशी उत्पादनको प्रयोग बढाउने अभियान सफल बनाउन सरकार, उत्पादक, व्यवसायी र उपभोक्ता सबैको भूमिका हुन्छ। गुणस्तरीय उत्पादन, उचित मूल्य, पारदर्शी बजार र प्रभावकारी अनुगमन सुनिश्चित गर्न सकिएमा स्वदेशी उत्पादनप्रतिको विश्वास बढ्नेछ। त्यसैले स्वदेशी उत्पादनको प्रवर्द्धनलाई नारामा सीमित नगरी उत्पादनदेखि बजारसम्मको समग्र प्रणाली सुधार गर्ने अभियानका रूपमा अघि बढाउनु आवश्यक छ।

# सरकारका छ महिना : अँध्यारोमै झटारो



जनक शाह

२०८२ फागुनमा सम्पन्न निर्वाचनबाट प्रतिनिधि सभामा दुई तिहाइ नजिकको स्पष्ट बहुमत हासिल गरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता वालेन्द्र (बालेन) शाहको नेतृत्वमा नयाँ सरकार गठन भएको थियो।

'नयाँ राजनीति', 'सुशासन' र 'तीव्र विकास' को नारासहित बनेको यो सरकारले आफ्ना सुरुवाती छ महिना पूरा गरिसकेको छ। तर, सरकारको पहिलो ६ महिने कार्यकालको समीक्षा गर्दा आम नागरिकले अपेक्षा गरेअनुसारको परिवर्तन महसुस गर्न पाएका छैनन्।

मूल्यवृद्धि नियन्त्रण, बजार अनुगमन र सार्वजनिक सेवा प्रवाह (डेलिभरी) मा सरकारका कदमहरू प्रभावकारी देखिन नसक्दा जनता अझै पनि महँगी र प्रशासनिक सुस्तताको दोहोरो मार खेप्न बाध्य छन्।

***सुशासनको दाबी र प्रशासनिक यथार्थ***

सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले १०० बुँदे शासकीय सुधार कार्यसूची स्वीकृत गर्दै प्रशासनिक पुनर्संरचना र सुशासनलाई आफ्नो पहिलो प्राथमिकतामा राखेको थियो। मन्त्रालयको संख्या २५ बाट घटाएर १७ मा झार्ने निर्णयले प्रशासनिक खर्च कटौती र चुस्त संरचनाको सकारात्मक सन्देश दिन खोजेको थियो। तर, व्यवहारमा मन्त्रालयपिच्छे दर्जनौं सल्लाहकारहरूको लर्को भित्र्याइएपछि सरकारको यो कदम आफैंमा हास्यास्पद र विरोधाभासपूर्ण बन्न पुग्यो।



सुशासन र सुधारका नाममा प्रशासनिक क्षेत्रमा त्रासको वातावरण सिर्जना गरिएको गुनासो सरोकारवालाहरूबाट सुनिन्छ। संसद्प्रतिको गैरजवाफदेहिता र स्वेच्छाचारी एवं गैरन्यायिक धरपकडले सरकारले सर्वसत्तावाद लाद्न खोजेको आरोप स्थापित हुन पुग्यो। मन्त्रीहरूको कार्यसम्पादन पनि सम्झिनलायक हुन सकेको छैन। सुरुवातमा चर्चामा ल्याइएको 'नो लाइन, ओन्ली अनलाइन' को नारा भाषणमै सीमित हुन पुगेको छ भने सार्वजनिक सेवा प्रवाहमा उल्लेख्य सुधार आउन सकेको छैन।

***विपद्को भार र महँगीको मार***

यसैबीच, प्राकृतिक विपद्ले मुलुकको अर्थतन्त्रमा थप ठूलो चुनौती थपेको छ। भोटेकोशीको बाढीका साथै असोज ९ देखि ११ गतेसम्म परेको अविरल वर्षा र बाढीपहिरोले देशको भौतिक पूर्वाधार तथा निजी सम्पत्तिमा ठूलो क्षति पुऱ्याएको छ। विपद्मा राहत तथा उद्धार कार्य विवादरहित हुन सकेन।

यस विपद्का कारण मुलुकमा १० खर्ब रुपैयाँभन्दा बढीको नयाँ आर्थिक दायित्व थपिने सम्भावना छ, जसले विपद् व्यवस्थापन र अर्थतन्त्रको पुनरुत्थान प्रक्रियालाई अझ जटिल र चुनौतीपूर्ण बनाउने देखिन्छ। अहिले सरकारले खासै योजनाहरू ल्याउन सकेको देखिँदैन।

अर्कोतर्फ, नागरिकहरू दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धिको मार खेप्न बाध्य छन्। नागरिकको दैनिक जीवनसँग जोडिएका सवालमा सरकार अलमलिएको देखिन्छ। चिनी, खाना पकाउने ग्यासलगायतका अत्यावश्यक वस्तुमा भएको कालोबजारी र अस्वाभाविक मूल्यवृद्धि नियन्त्रण गर्न बजार अनुगमनका क्षेत्रमा सरकार पूर्ण रूपमा चुकेको छ।

***शिथिल अर्थतन्त्र र सुस्त विकास खर्च***

अर्थतन्त्रका बाह्य सूचकहरू पहिलेझैं सकारात्मक रहे पनि आन्तरिक सूचकहरू झन् धरमराउँदा आर्थिक पुनरुत्थानको गति सुस्त बनेको छ। चालू आर्थिक वर्ष २०८३/८४ को पहिलो दुई महिना बितिसक्दा पनि पुँजीगत खर्च र विकास निर्माणको स्थिति निराशाजनक छ। महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार साउन र भदौ मसान्तसम्म कुल ४ खर्ब ३१ अर्ब १० करोड रुपैयाँ पुँजीगत बजेटमध्ये जम्मा १.७८ प्रतिशत (अर्थात् ७ अर्ब ६६ करोड ४८ लाख रुपैयाँ) मात्र खर्च हुन सकेको छ।

अर्कोतर्फ, चालू आवका लागि १५ खर्ब ८० अर्ब रुपैयाँ राजस्व संकलनको लक्ष्य राखिएकामा भदौ मसान्तसम्म लक्ष्यको ११.५९ प्रतिशत (१ खर्ब ८३ अर्ब २० करोड रुपैयाँ) मात्र संकलन भएको छ। दुई महिनाको आम्दानी र खर्चबिच ९ अर्ब रुपैयाँभन्दा बढीको वित्तीय खाडल देखिएकाले सो घाटा पूर्ति गर्न सरकार पुनः सार्वजनिक ऋण परिचालन गर्न बाध्य भएको छ।

***बैंकिङ तरलता र निजी क्षेत्रको निराशा***

बैंकिङ क्षेत्रमा अहिले पर्याप्त लगानीयोग्य रकम (तरलता) उपलब्ध छ र ब्याजदर इतिहासकै न्यून बिन्दु (करिब ६ प्रतिशत) मा झरेको छ। तर, बजारमा समग्र माग बढ्न नसक्दा निजी क्षेत्रको मनोबल उठ्न सकेको छैन। अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकले कार्यदल बनाएर अध्ययन गरे पनि कर्जाको मागमा अपेक्षित सुधार आउन सकेन। आर्थिक वर्ष २०८२/८३ मा राष्ट्र बैंकले १२ प्रतिशत कर्जा विस्तारको लक्ष्य राखेकोमा त्यो ६.५ प्रतिशत हाराहारीमा सीमित भएको थियो।

हाल कर्जा प्रवाहमा सामान्य सुधारका संकेत देखिए पनि त्यो अर्थतन्त्रलाई चलायमान बनाउन पर्याप्त छैन। लगानीको उपयुक्त वातावरण र निजी क्षेत्रमा भरोसा नजाग्दा नयाँ उद्योगधन्दा सञ्चालन हुन सकेका छैनन् र रोजगारीका नयाँ अवसरहरू सिर्जना हुन सकेका छैनन्।

***अबको बाटो***

समग्रमा, सरकारको कामकारबाही बितेको छ महिनामा 'अँध्यारोमै झटारो' हान्ने प्रवृत्तिमा चरितार्थ भएको छ। स्पष्ट रणनीति, ठोस कार्ययोजना र विधिको शासनबिना हरेक क्षेत्रमा जथाभावी झटारो हान्ने शैलीबाट देशमा सुशासन र आर्थिक सुधार सम्भव छैन। आगामी दिनमा सरकारले यी पक्षहरूमा सुधार गर्दै उत्तरदायी र पारदर्शितासहितको विधिको शासन प्रत्याभूत गर्दै निजी क्षेत्रको विश्वास पुनर्जागृत गराउने, पुँजीगत खर्चको गति बढाउने, मूल्य नियन्त्रण र बजार अनुगमनलाई कडा बनाउने र निर्यात प्रवर्द्धनमा प्राथमिकता दिने दिशामा तत्काल प्रभावकारी कदम चाल्नैपर्छ। यसका साथै प्राकृतिक विपद्पछिको दायित्व व्यवस्थापन गर्न विशेष राहत तथा पुनरुत्थान प्याकेज ल्याउनु आवश्यक छ। साभारः रातोपाटीडटकम

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# एआई विकासको गति र जोखिमबीच बढ्दो विश्वव्यापी बहस

## प्रविधि क्षेत्रका नेतादेखि सरकारसम्म एआईका सम्भावित जोखिमबारे चिन्तित




आर्टिफिशल इन्टेलिजन्स (एआई) द्रुत गतिमा अगाडि बढ्दै जाँदा त्यसले निम्त्याउने सम्भावित खताराबारे प्रविधि उद्योगका केही प्रमुख नेताहरूले कडा चेतावनी दिएका छन्।

एन्थ्रोपिकका सीईओ डारिओ आमोडेले एआई विकासको गति सुस्त हुनुपर्छ भन्ने तर्क गरेका छन्। दुई प्रतिद्वन्द्वी एआई कम्पनीहरू ओपनएआईका साम अल्टम्यान र इलोन मस्कले उनीसँग सहमत भएको बताएका छन्।

सिलिकन भ्यालीका केहीले त यो प्रविधिले एक दिन मानवजातिकै अस्तित्वमाथि नै खतरा निम्त्याउन सक्छ भनी चेतावनी दिएका छन्।

यद्यपि विश्वका दुई प्रमुख एआई महाशक्तिहरू चीन र संयुक्त राज्य अमेरिकाबीचको तीव्र प्रतिस्पर्धाले यी जोखिमहरूलाई सम्बोधन गर्ने प्रयासहरू जटिल देखिएका छन्। रणनीतिक प्रतिद्वन्द्वीका रूपमा दुवै देशले प्रायः राष्ट्रिय सुरक्षा र आर्थिक लाभको दृष्टिकोणबाट एआई प्रगतिलाई हेर्छन्, जसले अर्थपूर्ण सहयोगको सम्भावनामाथि शङ्का उत्पन्न गराउँछ।

"यदि अन्तर्राष्ट्रिय समुदायले यी मुद्दाहरूमा अमेरिका-चीन वार्ताबाट बाध्यकारी सम्झौता आउने अपेक्षा गरिरहेको छ भने उनीहरू निराश हुने छन्," पीस रिसर्च इन्स्टिट्यूट ओस्लोकी वरिष्ठ अनुसन्धानकर्ता डा. इलारिया कार्रोजा भन्छिन्।

### *एआई 'मानव नियन्त्रणमा' रहनुपर्ने तर्क*

चीनसँग एआईका लागि ठूला योजनाहरू छन्, जसले भविष्यमा यो प्रविधिलाई समाज र अर्थतन्त्रको हरेक क्षेत्रमा, कृषिदेखि स्वास्थ्य सेवा, सेनासम्ममा समायोजन गर्ने परिकल्पना गरेको छ।

यद्यपि सरकारले त्यसका जोखिमहरूबारे लामो समयदेखि चेतावनी दिँदै आएको छ।

सन् २०१७ को सुरुदेखि नै उसले गोपनीयता, सामाजिक स्थिरता र अन्तर्राष्ट्रिय सम्बन्धमा एआईले खतरा निम्त्याउन सक्छ भनी बताउँदै आएको छ।

त्यसयताका वर्षहरूमा चीनले सामाजिक सञ्जालमा एआईद्वारा सिर्जित सामग्रीको 'लेबलिङ' अनिवार्य गरेको छ। नाबालिगहरूका लागि एआईनिर्मित भर्चुअल साथीहरू बनाउन प्रतिबन्ध लगाएको छ भने गलत सूचना फैलाउनका लागि 'डीपफेक'को प्रयोगलाई बन्देज गरेको छ।

चिनियाँ सरकारी निकायहरू र नीति सल्लाहकारहरूसँग अमेरिकी समकक्षीहरूको तुलनामा "स्वीकार्य विकासका सर्तहरू परिभाषित गर्ने पर्याप्त अधिकार" रहेको एआईसम्बन्धी अमेरिकी-चिनियाँ अनौपचारिक वार्तामा भाग लिएका हङ्कङको सिटी यूनिभर्सिटीका प्राध्यापक जङ जिङहान बताउँछन्।

एआई अनियन्त्रित हुन सक्ने चिन्तालाई सम्बोधन गर्दै चिनियाँ राष्ट्रपति सी जिन्पिङले उक्त प्रविधि "सधैँ मानव नियन्त्रणमा रहनुपर्ने" गत जुलाईमा बताएका थिए।

'एआई शासन'बारे अन्तर्राष्ट्रिय संवादलाई प्रवर्धन गर्ने उद्देश्यका साथ चीनद्वारा स्थापित वर्ल्ड आर्टिफिशल इन्टेलिजन्स कोअपरेशन अर्गनाइजेशनको बैठकमा उनी बोल्दै थिए।

सेप्टेम्बरमा प्रकाशित आफ्नो पछिल्लो एआई सुरक्षा ढाँचामा चिनियाँ इन्टरनेट नियामक साइबरस्पेस एड्मिनिस्ट्रेशनले एआईलाई "मानवजातिको अस्तित्व र विकास" मा खतरा बन्नबाट रोक्न सक्रिय नीतिहरू आवश्यक रहेको बताएको छ।

### *शासन गर्न सकिने प्रविधि?*

चिनियाँ अधिकारीहरूले एआई मानव नियन्त्रणभन्दा बाहिर निस्कने जोखिमलाई स्वीकार गरे तापनि त्यहाँ मानवजातिको अस्तित्वमाथि खतरा निम्त्याउनेबारेका चिन्ता अमेरिकाको तुलनामा धेरै कम प्रमुखताका साथ बहसमा उठाउने गरिएको छ।

बेइजिङले यो जोखिमलाई सरकारी नीतिले सम्बोधन गर्नुपर्ने धेरै मुद्दाहरूमध्ये एउटाको रूपमा हेर्छ।

"चीनमा एआईको शासनले एकैसाथ धेरै उद्देश्यहरू पूरा गर्छ- आर्थिक विकासलाई समर्थन गर्ने, प्राविधिक र सामाजिक जोखिमहरू व्यवस्थापन गर्ने र राजनीतिक शक्ति कायम राख्ने," प्रोफेसर जङ भन्छन्।

शेन्जेन इन्स्टिट्यूट अफ आर्टिफिशल इन्टेलिजन्श एन्ड रोबटिक्स फर सोसाइटीका निर्देशक डा. शाशान लिऊ त्यसमा सहमत छन्। "चिनियाँ छलफलहरू नियन्त्रण गर्ने क्षमता, दुरुपयोग र सामाजिक परिणामहरूमा बढी केन्द्रित हुन्छन् भने अमेरिकी छलफलहरू नियन्त्रण गुमाउन सकिने कल्पना अथवा लोप हुने परिदृश्यहरूमा केन्द्रित हुन्छन्।"




चीनको अर्थतन्त्र मन्दीमा रहेको समयमा यो प्रविधि आर्थिक वृद्धिको महत्त्वपूर्ण माध्यम बन्न सक्ने भन्ने विश्वासले आर्टिफिशल इन्टेलिजन्सबाट निम्तिने जोखिमहरूबारे चिनियाँ अधिकारीहरूको चिन्ता केही हदसम्म कम भएको छ।

टेन्सेन्ट, अलिबाबा, बाइडू र बाइटडान्सजस्ता अगुवा चिनियाँ प्रविधि कम्पनीका एआई मोडेलहरू विश्वव्यापी रूपमा प्रतिस्पर्धा गर्छन्।

केही अत्याधुनिक मोडेलहरू ०.१ एआई, डीपसीक, मिनिम्याक्स, मूनशूट एआई र जेड.एआई जस्ता स्टार्टअपहरूबाट आएका छन्। यस विषयमा प्रतिक्रियाका लागि आग्रह गरिए पनि ती कम्पनीहरूले बीबीसीलाई जवाफ दिएनन्।

डा. लिऊका अनुसार बेइजिङले चीनको एआई उद्योगलाई प्रवर्द्धन गर्ने र नयाँ उत्पन्न हुने जोखिमहरू व्यवस्थापन गर्नेबीच सन्तुलन कायम गर्ने प्रयास गरिरहेको छ।

"त्यो कुरा प्रविधिलाई रोकिनुपर्छ भन्नुभन्दा नितान्त फरक छ," उनी भन्छन्।

### *'जो एआईमा जित्छ, उही जित्छ'*

चीनका घरेलु प्राथमिकताहरूभन्दा बाहिर भूराजनीतिक विषयहरू पनि छन्।

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले एआई विकासलाई चीनविरुद्धको प्रमुख प्रतिस्पर्धाका रूपमा व्याख्या गरेका छन्।

"हामी एआईमा चीनभन्दा अगाडि छौँ... र स्पष्ट रूपमा भन्नुपर्दा म यसलाई त्यसरी नै राख्न चाहन्छु। किनभने एआईमा जसले जित्छ, उसले जित्छ, " उनले भनेका छन्।

सेप्टेम्बरमा एउटा सरकारी जर्नलमा प्रकाशित एक लेखमा चीनका शीर्ष गुप्तचर अधिकारी चेन यिक्सिनले पनि एआई विकासलाई भूराजनीतिसँग जोडेका थिए। उनले त्यसलाई "प्रमुख शक्तिहरूबीच रणनीतिक प्रतिस्पर्धाका लागि नयाँ क्षेत्र" भनेका भने।

यद्यपि एआई विकासलाई सुस्त बनाउनुपर्ने आह्वानहरू मुख्यतया अमेरिकी व्यापारिक नेताहरूबाट आएका छन् न कि सरकारी अधिकारीहरूबाट। भूराजनीतिक प्रतिस्पर्धाले बेइजिङलाई यस्ता अपीलहरूबाट सतर्क बनाएको छ।

गत अगस्टमा एआईको जोखिमबारे आमोडेको चेतावनीको केही समयअघि चिनियाँ सरकारी सञ्चारमाध्यमले एन्थ्रोपिकका सहसंस्थापकलाई आफ्नो कम्पनीलाई अमेरिकी भूराजनीतिक स्वार्थहरूसँग मिलाएको आरोप लगाए।

"आमोडेको सोच परिवर्तन भएको छ... 'मेरो देश सही छ' बाट 'सहयोग नगर्नेहरूलाई दबाउनुपर्छ' मा," चीनको सीसीटीभीद्वारा सञ्चालित सामाजिक सञ्जाल खाता युयुआन्टान्टिअनले पोस्ट गरेको थियो।

विकासको गतिलाई सुस्त बनाउन सुझाव दिएको आमोडेको हालैको अपीलले सरकारद्वारा सञ्चालित सञ्चारमाध्यमबाट थप आलोचना निम्त्यायो। त्यसले एन्थ्रोपिकका सीईओको सुझावलाई चीनको एआई प्रगतिमा बाधा पुर्‍याउने रूपमा चित्रण गर्‍यो।

हालैको अविश्वासबीच यो महिनाको अन्त्यमा वाशिङ्टन डीसीमा सी जिन्पिङ र डोनल्ड ट्रम्पबीच हुने शिखर बैठकमा केही हदसम्म सम्झौता हुन सक्छ। समाचारसंस्था रोएटर्सका अनुसार चिनियाँ अधिकारीहरूले एआईलाई प्रमुख मुद्दा मानेका छन्।

पीस रिसर्च इन्स्टिट्यूट ओस्लोकी वरिष्ठ अनुसन्धानकर्ता डा. कार्रोजाका अनुसार गैरराज्य पक्षहरूद्वारा एआईको दुरुपयोग अथवा पूर्वाधारमा एआईको संलग्नता भएको साइबर हमलाहरूले द्विपक्षीय समझदारीका लागि केही ठाउँ दिन सक्छन्। तर एआईको विकासको गतिमा स्पष्ट सम्झौता सम्भव नहुन सक्छ।

"द्विपक्षीय रूपमा सम्झौता गर्न सकिने क्षेत्रहरूमा सम्भवतः ती क्षेत्रहरू हुने सम्भावना छ जहाँ कुनै पनि सम्झौतालाई व्यावसायिक गोपनीयताको प्रमाणीकरण वा खुलासा आवश्यक पर्दैन," उनी भन्छिन्।

"दुई पक्षले एआई मोडलहरू निर्माण गर्ने गतिलाई सीमित गर्ने कुनै पनि कुरामा सहमत हुने सम्भावना छैन।"बीबीसी/नेपालीबाट

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# वीरगञ्ज महानगरको बजेट २१ करोडले घट्यो

## आन्तरिक राजस्वमा संकुचन र अनुदान-राजस्व बाँडफाँटबाट अपेक्षित स्रोत नआएपछि बजेट संशोधन

दैनिक समाचारदाता
वीरगञ्ज १५ असोज । वीरगञ्ज महानगरपालिकाले चालु आर्थिक वर्ष २०८३/८४ को बजेट संशोधन गर्दै २१ करोड रुपैयाँ घटाएको छ।

बुधबार सम्पन्न महानगरपालिकाको २१औं विशेष नगरसभाले गत असार १० गते सम्पन्न २०औं नगरसभाबाट पारित बजेट संशोधन गर्दै नयाँ बजेट ल्याएको हो।

यसअघि नगरप्रमुख राजेशमान सिंह निलम्बनमा रहेका बेला तत्कालीन कार्यवाहक नगरप्रमुख इम्तियाज आलमले चालु आर्थिक वर्षका लागि ४ अर्ब ४२ करोड ३४ लाख ६९ हजार रुपैयाँको बजेट प्रस्तुत गर्नुभएको थियो। विशेष अदालतबाट सफाइ पाएपछि असोज ३ गते पुनः पदबहाली गर्नुभएका नगरप्रमुख सिंहले बुधबार विशेष नगरसभामार्फत बजेट संशोधन गरी ४ अर्ब २१ करोड ३४ लाख ६९ हजार रुपैयाँ कायम गर्नुभएको हो।



संशोधित बजेटमा चालुतर्फ २ अर्ब ३३ करोड १६ लाख ८५ हजार रुपैयाँ अर्थात् ५६ प्रतिशत, पुँजीगततर्फ १ अर्ब ८१ करोड १७ लाख ८४ हजार रुपैयाँ अर्थात् ४३ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ७ करोड रुपैयाँ अर्थात् १ प्रतिशत विनियोजन गरिएको छ।

महानगरपालिकाका अनुसार संशोधित बजेटको खर्च व्यहोर्ने स्रोतमा आन्तरिक राजस्वबाट १ अर्ब २७ करोड रुपैयाँ, संघीय अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट १ अर्ब ९८ करोड २९ लाख रुपैयाँ, संघीय राजस्व बाँडफाँटबाट २४ करोड ६८ लाख ८३ हजार रुपैयाँ र प्रदेश अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट ५ करोड २८ हजार रुपैयाँ रहनेछ।

त्यस्तै, प्रदेश राजस्व बाँडफाँटबाट १ करोड ६७ लाख १४ हजार रुपैयाँ, घरजग्गा रजिस्ट्रेसन शुल्कबाट ४५ करोड रुपैयाँ र नगर विकास कोषबाट १५ करोड रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ।

नगरप्रमुख सिंहले महानगरको आन्तरिक राजस्व परिचालनमा संकुचन आउनुका साथै वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटबाट प्रक्षेपणअनुसार स्रोत प्राप्त हुन नसकेको बताउनुभयो। अनिवार्य चालु खर्चमा समेत वृद्धि भएकाले बजेट संशोधन गर्नुपरेको उहाँको भनाइ छ। बुधबार सम्पन्न विशेष नगरसभामा उपप्रमुख इम्तियाज आलम भने अनुपस्थित हुनुहुन्थ्यो। यसअघि मंगलबार नेपाली कांग्रेस पर्सा जिल्ला कार्यसमितिले विज्ञप्ति जारी गर्दै आफ्नो दलबाट निर्वाचित उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यलाई नगरसभामा सहभागी नहुन निर्देशन दिएको थियो।

नगरप्रमुख सिंहका स्वकीय सचिव सत्यराज घिमिरेका अनुसार बुधबारको विशेष नगरसभामा कायम १५६ नगरसभा सदस्यमध्ये ११८ जना सहभागी भएका थिए।

# अनुपम फुडल्याण्डका सञ्चालक कृष्ण पौडेल पक्राउ

## अभद्र व्यवहारको कसुरमा अनुसन्धानका लागि जिल्ला प्रशासनबाट म्याद

दैनिक समाचारदाता
काठमाडौं, १४ असोज । अनुपम फुडल्याण्डका सञ्चालक कृष्ण पौडेल पक्राउ परेका छन्।

प्रहरी स्रोतका अनुसार पौडेललाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पक्राउ गरेको हो। पक्राउपछि उनलाई प्रहरी वृत्त गौशालाको हिरासतमा राखिएको छ।

पौडेल पक्राउ पर्नुको कारणबारे प्रहरीले प्रारम्भमा स्पष्ट जानकारी दिएको थिएन। यद्यपि, उनीविरुद्ध अभद्र व्यवहारको कसुरमा अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ। यसका लागि जिल्ला प्रशासन कार्यालय, काठमाडौंमार्फत म्याद लिएर अनुसन्धान भइरहेको प्रहरी स्रोतले जनाएको छ। प्रहरीले घटनासम्बन्धी थप विवरण भने सार्वजनिक गरेको छैन।

## सरकारी.......

तयारी भइरहेको जानकारी दिँदै उहाँले आमसञ्चारसम्बन्धी विधेयकसमेत चाँडै सदनमा ल्याइने बताउनुभयो।

प्रेस काउन्सिल नेपाललाई थप प्रभावकारी र सशक्त बनाउने उद्देश्यसहित विधेयक तयार गरिएको उहाँको भनाइ थियो। संविधानले सुनिश्चित गरेको सूचना तथा सञ्चारको हकको प्रभावकारी कार्यान्वयनका लागि सरकार प्रतिबद्ध रहेको पनि उहाँले बताउनुभयो।

मन्त्री तिमिल्सिनाले विज्ञापन बजारलाई व्यवस्थित गर्दै सञ्चारमाध्यमलाई क्रमशः आत्मनिर्भर बनाउने प्रयास भइरहेको जानकारी दिनुभयो। सरकारका लोककल्याणकारी विज्ञापनमा मात्र निर्भर भएर सञ्चारमाध्यम सञ्चालन गर्न सकिने अवस्था नरहेको उल्लेख गर्दै उहाँले लोककल्याणकारी विज्ञापन सबै सञ्चारमाध्यमको पहुँचमा पुग्ने गरी सरकारले काम गरिरहेको बताउनुभयो।


## माइग्रेशन हराएको सूचना

घरबाट जनकपुरधाम आउने क्रममा बाटोमा हाम्रो माइग्रेशन सर्टिफिकेट सहितको कागजातहरु हराएकोले पाउनु हुने महानुभावहरु निम्न ठेगाना वा नजिकको प्रहरी चौकीमा पुर्‍याई सहयोग गरी दिन हुन हार्दिक अनुरोध गरिन्छ ।

नाम : रंजली कुमारी
ठेगाना : जि.ध.जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०
सिम्बल नं. : ३१७००४१२
रजि नं. : ८०२१७०१११३७
सम्पर्क नं. : ९८२४८१०४७९


# र्दिबासमा रेबिजविरुद्धको खोप अभाव, निजी अस्पताल धाउन बाध्य

## दुई महिनामा ३५३ जनालाई उपचार आवश्यक, आपूर्ति केन्द्रबाट २४० भाइल मात्र प्राप्त

दैनिक समाचारदाता
महोत्तरी, १४ असोज । सरकारी अस्पतालमा रेबिजविरुद्ध प्रयोग हुने एआरभी खोपको अभाव भएपछि बर्दिबास क्षेत्रका बिरामी समस्यामा परेका छन्। कुकुर, स्याललगायतका जनावरको टोकाइका घटना बढिरहेका बेला सरकारी अस्पतालमै खोप नपाएपछि पीडितहरू निजी स्वास्थ्य संस्थामा महँगो शुल्क तिरेर उपचार गराउन बाध्य भएका छन्।

नेपालले सन् २०३० सम्ममा कुकुरको टोकाइबाट हुने रेबिज उन्मूलन गर्ने लक्ष्य लिएको छ। तर, सरकारी स्वास्थ्य संस्थामै एआरभी खोपको अभाव हुँदा विशेषगरी आर्थिक रूपमा कमजोर परिवारका बिरामी थप आर्थिक भारमा परेका छन्।

गत साता बिहान बजारबाट दूध किनेर घर फर्कंदै गरेका बर्दिबास नगरपालिका-२ का ७२ वर्षीय नीलप्रसाद गौतमलाई बर्दिबास-जलेश्वर सडकखण्डमा सेतो रङको भुस्याहा कुकुरले दाहिने खुट्टामा टोकेको थियो। केही समयपछि सोही कुकुरले बर्दिबास नगरपालिका-१ की बालिका विनिता श्रेष्ठलाई पनि टोकेको स्थानीयले बताएका छन्।

स्थानीयका अनुसार सोही कुकुरले हालसम्म एक दर्जनभन्दा बढीलाई टोकेको छ। कुकुर अझै नियन्त्रणमा नआएकाले पीडितको सङ्ख्या बढ्न सक्ने स्थानीयको भनाइ छ।

कुकुरले टोकेपछि बर्दिबास अस्पताल पुग्नुभएका गौतमले त्यहाँ एआरभी खोप उपलब्ध नभएपछि निजी स्वास्थ्य संस्था शुभ स्वस्तिक अस्पतालमा शुल्क तिरेर खोप लगाउनुपरेको बताउनुभयो। उहाँजस्तै बर्दिबास क्षेत्रका ५० जनाभन्दा बढी कुकुरको टोकाइका पीडित निजी स्वास्थ्य संस्था तथा क्लिनिकमा महँगो शुल्क तिरेर खोप लगाउन बाध्य भएका छन्।

बर्दिबास अस्पतालको अभिलेखअनुसार रेबिजविरुद्धको खोप लगाउन आउने बिरामीको सङ्ख्या बढ्दो छ। प्रदेश स्वास्थ्य आपूर्ति तथा व्यवस्थापन केन्द्र, जनकपुरबाट मागअनुसार खोप आपूर्ति हुन नसकेपछि भदौदेखि नै अस्पतालमा खोप अभाव भएको अस्पतालले जनाएको छ। अस्पतालको खोप शाखाका प्रमुख अर्जुन साहका अनुसार बर्दिबास अस्पतालमा मात्रै रेबिजविरुद्धको खोप लगाउन वार्षिक करिब तीन हजार बिरामी आउने गरेका छन्। सामान्यतया एक बिरामीलाई तीन डोजसम्म खोप आवश्यक पर्ने भएकाले मागअनुसार आपूर्ति नहुँदा समस्या भएको उहाँले बताउनुभयो।

खोपको अभाव भएपछि बर्दिबास नगरपालिकाले अस्पताललाई १०० भाइल एआरभी उपलब्ध गराएको थियो। बिरामीको चाप बढेकाले उक्त खोप पनि केही दिनमै सकिएको साहले बताउनुभयो।

चालु आर्थिक वर्ष २०८३/८४ को साउन र भदौमा मात्रै बर्दिबास अस्पतालमा कुकुर, स्याल, बिरालो र बाँदरले टोकेका ३५३ जना उपचारका लागि आएका थिए। उनीहरूका लागि ५३० डोज एआरभी आवश्यक पर्नेमा स्वास्थ्य आपूर्ति तथा व्यवस्थापन केन्द्रले दुई महिनामा २४० भाइल मात्र उपलब्ध गराएको थियो।

साहका अनुसार साउन र भदौमा आएका बिरामीलाई आवश्यक खोपकै तुलनामा ११३ भाइल कमी भएको थियो। उहाँले असोज ९ गतेसम्म थप ४० जना रेबिजविरुद्धको खोप लगाउन अस्पताल आएको तर त्यसपछि नयाँ खोप आपूर्ति नभएको बताउनुभयो।

बर्दिबास अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रितेश घिमिरेले रेबिज प्राणघातक रोग भएकाले जोखिममा परेका व्यक्तिले सकेसम्म छिटो खोप लगाउनुपर्ने बताउनुभयो।

“रेबिजबाट बचाउने एआरभी खोप नै प्रमुख उपाय हो,” उहाँले भन्नुभयो, “खोप लगाउन ढिलो हुँदा रेबिजको सङ्क्रमण केन्द्रीय स्नायु प्रणालीमा फैलिएपछि प्रभावकारी उपचार सम्भव हुँदैन। यस्तो अवस्थामा खोप अभाव हुनु चिन्ताको विषय हो।”

मधेश प्रदेशका स्वास्थ्य सचिव डा. प्रमोदकुमार यादवका अनुसार महोत्तरीमा मात्र नभई प्रदेशभर नै रेबिजविरुद्धको खोप अभाव देखिएको छ। उहाँका अनुसार मधेश प्रदेशमा वार्षिक ५० हजारभन्दा बढी एआरभी खोप आवश्यक पर्ने भए पनि टेकुस्थित इपिडिमियोलोजी तथा रोग नियन्त्रण शाखाबाट बढीमा १५ देखि २० हजार डोज मात्र आपूर्ति हुने गरेको छ।

“हामीले आपूर्ति बढाउन टेकुलाई आग्रह गर्दै आएका छौं,” स्वास्थ्य सचिव यादवले भन्नुभयो, “जनस्वास्थ्यलाई दृष्टिगत गर्दै मधेश सरकारले चालु आर्थिक वर्षमा खोप खरिदका लागि एक करोड रुपैयाँ बजेट विनियोजन गरेको छ। ठेक्का प्रक्रियामार्फत रेबिज तथा सर्पदंशविरुद्धका खोपको आपूर्ति सहज बनाउने प्रयास भइरहेको छ।”




- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

## रामेश्वरम सर्जिकल उद्योग

जनकपुरधाम, ४४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३३४



अब उत्कृष्ट भविष्यको रोजाई



## MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम


‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४